# सिप्रदी ट्रेडिङले पायो सुपर प्लाटिनम अवार्ड




टाटा गाडीको नेपालका लागि आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले सुपर प्लाटिनम अवार्ड प्राप्त गरेको छ।नेपाल उद्योग परिसंघले फ्रस्ट एन्ड सुलिभानसँगको साझेदारीमा आयोजना गरेको नेपाल बिजनेस एक्सिलेन्स अवार्डमा सो पुरस्कार पाएको हो । सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले सो अवार्ड ग्रहण गरे ।

नेपाल उद्योग परिसंघले अन्तर्राष्ट्रिय स्तरको आर्थिक एवं प्राविधिक क्षेत्रको परामर्शदाता संस्था 'फ्रस्ट एन्ड सुलिभान' सँगको साझेदारीमा 'नेपाल बिजनेस एक्सिलेन्स अवार्ड–२०१७' को आयोजना गरेको हो ।

नेपालका उद्योग व्यवसायले आफ्नो व्यवसाय सञ्चालन गर्दा लागत न्यूनीकरण, गुणस्तर सुधार, उपभोक्ताको सन्तुष्टि, जनस्वास्थ्य र प्रतिस्पर्धात्मक क्षमता बढाउन निर्वाह गरेको भूमिकाको आधारमा उत्कृष्ट ठहरिएका व्यावसायिक संस्थालाई सन् २०१७ का लागि नेपाल बिजनेस एक्सिलेन्सी अवार्ड प्रदान गरिएको आयोजकको भनाइ छ ।

यस किसिमको कार्यक्रम नेपालमा पहिलो पटक भएको हो । समारोहमा उत्पादन समूह, व्यापारिक, हवाइ यातायात, दूरसञ्चार, सूचना प्रविधि, होटल, बैंकिङ, इन्स्योरेन्स र शैक्षिक परामर्शदाता गरी नौ समूहका कम्पनीहरूको सहभागिता थियो । सहभागी कम्पनीलाई प्रतिस्पर्धामा सरिक गराउँदा उनीहरूको 'सेल्स टर्नओभर' लाई आधार मानी उदीयमान व्यवसाय, मध्यमस्तरीय, ठूला र 'मेगा' व्यवसाय गरी चार श्रेणीमा वर्गीकरण गरिएको थियो ।

सन् १९८२ मा स्थापित सिप्रदी ट्रेडिङ प्रालिले टाटा मोटर्सका विभिन्न रेन्जका गाडीहरु नेपालमा बिक्री वितरण गर्दै आइरहेको छ । नेपाल भर रहेका ५१ सर्भिस सेन्टरमार्फत बिक्री पश्चातको सेवा दिइरहेको यस कम्पनीले ग्राहकहरुको सन्तुष्टीको लागी पूर्णरुपमा सेवाहरु प्रदान गर्दै आइरहेको छ ।